आज मिति २०७९ साल असार १२ गते दिनको २:०० बजे बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको एघारौं गाउँ सभा बैठक गाउँसभाका सभाध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा र देहाय अनुसारको उपस्थितिमा बसी तपशिल बमोजिमको प्रस्ताव उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र. सं | प्रतिनिधिको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | सभा सदस्य | |
| ४ | श्री छवि लाल न्यौपाने | सभा सदस्य | |
| ५ | श्री रितेश तामाङ | सभा सदस्य | |
| ६ | श्री सुर्जे तामाङ | सभा सदस्य | |
| ७ | श्री यादव ठकुरी | सभा सदस्य | |
| ८ | श्री तेज बहादुर पराजुली | सभा सदस्य | |
| ९ | श्री गृविन्द्र कुमार चौलागाई | सभा सदस्य | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | सभा सदस्य | |
| ११ | श्री झागें सुनार | सभा सदस्य | |
| १२ | श्री इश्वरी भण्डारी | सभा सदस्य | इश्वरी |
| १३ | श्री रश्मी तामाङ | सभा सदस्य | |
| १४ | श्री देवकी भुजेल | सभा सदस्य | |
| १५ | श्री समिक्षा भुजेल | सभा सदस्य | |
| १६ | श्री कविता काफ्ले | सभा सदस्य | कविता |
| १७ | श्री सुर्य माया श्रेष्ठ | सभा सदस्य | सुर्यमाया |
| १८ | श्री मैना दमिनी | सभा सदस्य | मैना |
| १९ | श्री सुजन श्रेष्ठ | सभा सदस्य | |
| २० | श्री हरी नाथ ढकाल | सभा सदस्य | |
| २१ | श्री जुना परियार | सभा सदस्य | |

| क्र. सं | प्रतिनिधिको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २२ | श्री यम बहादुर पौडेल | सभा सदस्य | |
| २३ | श्री भिम बहादुर थापा | सभा सदस्य | |
| २४ | श्री सन्त माया सार्की | सभा सदस्य | सन्त |
| २५ | श्री मेख बहादुर थापा | सभा सदस्य | |
| २६ | श्री सुजन तामाङ | सभा सदस्य | |
| २७ | श्री रजनी तामाङ | सभा सदस्य | रजनी तमाङ |
| २८ | श्री कविता सार्की | सभा सदस्य | कविता |
| २९ | श्री पदम नाथ नेपाल | सभा सदस्य | |
| ३० | श्री सिताराम तामाङ | सभा सदस्य | |
| ३१ | श्री सम्झना सिवाकोटी | सभा सदस्य | सम्झना |
| ३२ | श्री नारायण खड्का | सभा सदस्य | |
| ३३ | श्री गोपाल तामाङ | सभा सदस्य | |
| ३४ | श्री पवित्रा चौलागाई | सभा सदस्य | |
| ३५ | श्री लक्ष्मी लामिघाते | सभा सदस्य | |
| ३६ | श्री सुकु मान तामाङ | सभा सदस्य | |
| ३७ | श्री लाबाङ दोर्जे तामाङ | सभा सदस्य | |
| ३८ | श्री बिमला तामाङ | सभा सदस्य | |
| ३९ | श्री रचना वि.क | सभा सदस्य | |
| ४० | श्री लेख बहादुर तामाङ | सभा सदस्य | |
| ४१ | श्री सुनिल पौडेल | सभा सदस्य | |
| ४२ | श्री शुसिला वि.क | सभा सदस्य | |
| ४३ | श्री ध्रुब चालिसे | सभा सदस्य | |
| ४४ | श्री छिरीङ दोर्जे तामाङ | सभा सदस्य | |
| ४५ | श्री देवीलाल सापकोटा | सभा-सचिव | |

आमन्त्रित

**एघारौं गाउँसभाका प्रस्तावहरु**

१. आ. व. २०७९/०८० को देहायका नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम र विधेयकहरु प्रस्तुत र स्वीकृत गर्नेः

- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आगामी आ. व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम।
- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आगामी आ. व. २०७९/०८० को प्रस्तावित आर्थिक विधेयक।
- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आगामी आ.व. २०७९/०८० को प्रस्तावित बार्षिक आय र व्ययको विवरण (बजेट) तथा कार्यक्रम।
- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आगामी आ.व. २०७९/०८० को प्रस्तावित विनियोजन विधेयक।
- बलेफी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको कृषि व्वयसाय प्रवर्द्धन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०७९
- बलेफी गाउँपालिकाको बजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७९ र शिक्षा सम्बन्धी विधेयक, २०७९

२. विविध निर्णयहरु गर्ने

**एघारौं गाउँसभाका निर्णयहरु**

१.बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आगामी आ. व. २०७९/०८० को देहायका नीति, कार्यक्रम तथा बजेट र विधेयकहरु ध्वनीमतका आधारमा सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

- आ. व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम,
- आ. व. २०७९/०८० को प्रस्तावित आर्थिक विधेयक,
- आ.व. २०७९/०८० को प्रस्तावित बार्षिक आय र व्ययको विवरण (बजेट) तथा कार्यक्रम र
- आ.व. २०७९/०८० को प्रस्तावित विनियोजन विधेयक ।

२.देहाय बमोजिमका विविध निर्णयहरु गरियोः-

१. नेपालमा संघीयताको अवधारणा कार्यान्वयन गर्न राज्यको पुन संरचना गर्दा सिन्धुपाल्चोक जिल्लाको साविक फूल्पिङडाँडा गाविसको वडा नं. १,२, ३, ४ र ८ मिलाएर बलेफी गाउँपालिका सिन्धुपाल्चोकको वडा नं. ४ र साविकको सोही गाविसको वडा नं. ५,६,७ र ९ मिलाई बलेफी गाउँपालिकाको वडा नं. ५ बनाउँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५ को उपदफा ३ (ख) मा उल्लेख भए बमोजिम भौगोलिक निरन्तरता, अनुकुलता तथा बिशिष्टताको आधारमा सिमाना निर्धारण हुनुपर्ने मान्यता विपरितको कार्य हुन गई स्थानीय स्तरका विभिन्न गतिविधिहरुको व्यवस्थापनमा कठिनाई भएको भनी स्थानीय जनताबाट बारम्बार गुनासो आईरहेको हुँदा साविक फूल्पिङडाँडा गाविसको वडा नं. ८ (हाल बलेफी गाउँपालिकाको वडा नं. ४) को केही भूभाग र साविक फूल्पिङडाँडा गाविसको वडा नं. ५ (हाल बलेफी गाउँपालिकाको वडा नं. ५) को केही भूभाग मिलाई बलेफी गाउँपालिका

सिन्धुपाल्चोकमा थप एउटा वडा कायम गर्ने गरी वडाको संख्या र सिमानामा हेरफेर गरिदिन बागमती प्रदेश सरकार मार्फत नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरी पठाउने ।

२. कानून बमोजिम बलेफी गाउँपालिकाको क्षेत्रभित्रका विवाद निरुपण गर्न यस गाउँपालिकाका उपाध्यक्ष श्री सरु लामा तामाङज्यूको संयोजकत्वमा देहाय बमोजिमको न्यायिक समिति गठन गर्नेः-

| | |
|---|---|
| श्री सरु लामा तामाङ | संयोजक |
| श्री रितेश तामाङ वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री सुर्जे तामाङ वडा अध्यक्ष वडा नं. २ | सदस्य |

३. यस गाउँपालिकाको पर्यटन प्रवद्धन गर्न २०७९ साल बैशाखको १ गतेका दिनमा जन्म भूमि मिडिया प्रा.लि. द्धारा "पर्यटन प्रवर्द्धन जन्म भूमि मिडियाको अभियान" भन्ने नाराका साथ यस गाउँपालिकाको वडा नं ३ मा रहेको ॐ पार्कमा भएको "प्रथम जन्मभूमी नयाँ वर्ष २०७९, वृहत ॐ पार्क साँस्कृतिक भेला" आयोजना गरिएकोमा सो कार्यक्रममा खर्च भएको रकममध्ये रु १,००,०००/- अनुदान रकम यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को आकस्मिक कोषबाट श्री जन्म भूमी मिडिया प्रा.लि. लाई उपलब्ध गराउने ।

४. चालु आ.व. २०७८/०७९ को लागि ग्रुङगता-भार्लुङ-वाइवाटोल सडक मर्मत गर्न नवौ गाउँसभाबाट रु १,५०,०००/- स्वीकृत भई कार्यक्रम संचालन गर्न सझौता समेत भई कार्यान्वयनको क्रममा रहेको उक्त सडक मर्मतको कार्यको विनियोजित बजेट दशौं गाउँसभाबाट हटाइएकोले सम्पन्न भैसकेको उक्त कार्यको भुक्तानि चालु आ.व. २०७८/०७९ को यस गाउँपालिकाको स्वीकृत मर्मत सम्भार कोषबाट गर्ने।

५. यस गाउँपालिकामा हालै आएको वर्षाका कारण यहाँका केही सडकहरु अवरुद्ध भै ती सडकहरुको मर्मत सम्भार गरी सडक सुचारु गर्न आवश्यक भएकाले यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को स्वीकृत मर्मत सम्भार कोषमा बचत भएको रकममध्येबाट अंधेरी माझा बुवासे सडकको लागि रु. ४०,०००।-, नौबिसे-कल्लेरी-फूल्पिङकोट सडकको लागि रु. ७५,०००।-,धुस्कोट-सिमासिङ सडकको लागि रु. ९०,०००।-, धुस्कोट-मच्छे सडकको लागि रु. ४०,०००।- र अदमारा-मेलडाँडा-लप्से र विञ्जेल-कोले डाँडा गाउँ सडकको लागि रु. १,५९,०००। रकम खर्च गरी ती सडकहरु मर्मत गरी सडक सुचारु गर्ने ।

६. यस गाउँपालिकाको क्षेत्रभित्रको ढुङ्गा, गिट्टी, बालुवा, स्लेट तथा दहत्तर बहत्तर संकलन गरी सोको शुल्क संकलन गर्नु पर्नेमा यस अधि तयार भै स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदनको अवधि समाप्त भएकाले आगामी आ.व. २०७९/०९० मा पुन प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने आवश्यकता भएको तर सो को लागि यस कार्यालयमा योग्य र आवश्यक जनशक्ति नभएकोले योग्य परामर्शदाताको सेवा लिई सो कार्य सम्पन्न गर्ने ।

७. यस गाउँपालिकाका विभिन्न वडाहरुबाट देहायका आयोजनाको लागि, बजेट व्यवस्था गरी आयोजना कार्यान्वयन गर्न माग भै भएकोमा त्यस्ता आयोजनाका लागि बजेट व्यवस्था गरी सञ्चालन गर्न गाउँपालिकामा प्रयाप्त स्रोत नभएकोले सङ्घीय तथा प्रदेश सरकारसँग स्रोत व्यवस्थापनको लागि अनुरोध गरी पठाउन ती आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन समेत तयार गरी बजेट माग गर्नु पर्ने

भएको तर त्यस्ता विस्तृत प्रतिवेदन तयार गर्न यस गाउँपालिकामा योग्य र प्रयास जनशक्ति नभएकाले हुँदा आगामी आ.व. २०७९/०८० मा देहायका आयोजना तथा कार्यक्रमहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न योग्य परामर्शदाताको सेवा लिई विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने:

- सेल्ताप मन्दिर तथा पार्क निर्माण
- जलविरे वनकाली सिडी निर्माण
- कोठे- ज्यामिरे-फलाटे-खामडाँडा-चुलिडाँडा हुँदै बलेफी जोड्ने सडक
- खाडिचौर-पुरानो गाउँ चिम्लिङ सडक
- गडिडाँडा संरक्षण तथा बुद्धपार्क निर्माण
- फलाटे मन्दिर निर्माण
- बागले गाउँ-भदौरे-बिगटे-काभ्रे-रोक्का टोल-मेलडाँडा सडक
- कामटार-लाकुरी ढुङ्गा-माथिल्लो कल्लेरी चिलाउने सडक
- कामटार फाँट सिंचाई
- खाडिचौर चिम्लिङ देखि भैरवकुण्ड सडक
- थारथान खोला-भदौरे-कान्ले सिंचाई
- अंधेरी खोला-हर्रेबोट-अंधेरी खेत सिंचाई
- लप्से खोला-ढाडखेत सिंचाई कुलो
- जलविरे-फूल्पिङकोट-धुस्कोट-तेङथली ओमपार्क मोटरबाटो
- ताउले खेत सिंचाई
- जलविरे एकिकृत बस्ति विकास कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन तयार
- तेङथली-छाँगो-क्यानोईङ निर्माण वडा नं. ३
- ८० किलो खानेपानी (डिपवोरिङ)
- भुजुङ्गे खानेपानी (डिपवोरिङ)
- बाँसबोटे-मानेडाँडा-अदमारा-गुरुङगाउँ-मेलडाँडा-गहते-पधेरोचौर-कोले सडक
- कपिलेश्वर बृद्धाश्रम निर्माण
- सिमासिङ्ग खानेपानी योजना निर्माण
- हिंउदे सिंचाई टयाङ्की निर्माण

८. यस गाउँपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत नयाँ संगठन संरचना बमोजिमका कर्मचारीहरुको अधिकांश दरबन्दीहरु रिक्त रहेको, नेपाल सरकारको कर्मचारी समायोजन प्रक्रियामा यस कार्यालय, अन्तरगत वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत धेरैजसो कर्मचारी तथा स्वास्थ्यकर्मीहरु समायोजन भई अन्यत्र जिल्लामा गएको, समायोजन प्रक्रियाबाट यस गाउँपालिकामा समायोजन पदस्थापन भई आउने कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको संख्या समायोजन प्रक्रियाबाट रिक्त हुने दरबन्दी तथा यस गाउँपालिकाको लागि आवश्यक हुने अन्य कर्मचारीको संख्या भन्दा धेरै कम भएको, रिक्त दरबन्दीमा लोक सेवा आयोगबाट स्थायी पदपूर्ति भैसकेको अवस्था पनि नभएको कारण गाउँपालिका तथा गाउँपालिका मानहतका

निकायहरुबाट जनतालाई प्रवाह गर्नु पर्ने सेवा सुविधा तथा सम्पादन गर्नु पर्ने विकासका गतिविधिहरुमा कठिनाई भएकोले गाउँपालिका तथा मातहत निकायहरुबाट सम्पादन गर्नु पर्ने कार्यका लागि हाल न्यूनतम देहायका थप जनशक्ति आवश्यक पर्ने देखिएकोले यस गाउँपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा रहेका बलेफी गाउँ कार्यपालिकाको कार्यालय, मातहत वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा चालु आ.व. को हालसम्म करार तथा अस्थायी रुपमा कार्यरत कर्मचारीलाई सोही दरबन्दीमा रहने गरी र अन्यको हकमा जुन निकाय तथा शाखामा कार्यरत रहेका छन् ती ती निकाय तथा शाखामा उनीहरु कार्यरत रहेको पद सिर्जना हुने गरी कार्यरत कर्मचारीहरुको करार वा अस्थायी सेवा अवधि आगामी २०७९ श्रावण १ गते देखि २०७९ पौष मसान्तसम्म थप गर्ने र करार सेवा अवधि थप गरिएका सबै कर्मचारीहरुलाई नेपाल सरकारले सम्बन्धित पदको लागि तोकेको न्यूनतम पारिश्रमिक, चाडपर्व खर्च, पोषाक भत्ता, नियमानुसारको दैनिक भ्रमण खर्च वा सम्झौतामा तोकिए बमोजिमको अन्य सेवा सुविधा उपलब्ध गराउने र गाउँपालिकाले उपलब्ध गराउनु पर्ने सेवा सुविधाको लागि माथि उल्लेख भएको संख्याभन्दा थप जनशक्ति आवश्यक परेमा गाउँ कार्यपालिकाबाट निर्णय गरी आवश्यक प्रक्रिया अवलम्वन गरेर करारमा थप जनशक्ति प्राप्त गर्न गाउँकार्यपालिकालाई अधिकार दिने ।

**क. गाउँ कार्यपालिकाको कार्यालय तर्फ**

| क्र.सं. | नामथर | पद | सेवाको प्रकृति |
|---|---|---|---|
| १ | श्री सन्तोष सापकोटा | सव इन्जिनियर | करार |
| २ | श्री खम्बध्वज कार्की | नायब सुब्बा | अस्थायी |
| ३ | श्री नानीराम पराजुली | असिस्टेन्ट सव इन्जिनियर | करार |
| ४ | श्री सुकुलाल तामाङ | कार्यालय सहायक (चौथो) | अस्थायी |
| ५ | श्री सीता कार्की घिमिरे | कम्प्युटर अपरेटर | करार |
| ६ | श्री रन्जु मोक्तान | कम्प्युटर अपरेटर | करार |
| ७ | श्री रिनु नेपाली | कम्प्युटर अपरेटर | करार |
| ८ | श्री प्रतिमा न्यौपाने | ना.प्र.स | करार |
| ९ | विमला अधिकारी | ना.प.स्वा.प्रा. | करार |
| १० | श्री प्रेम प्रसाद सापकोटा | कार्यालय सहयोगी | करार |
| ११ | श्री लिलाबहादुर श्रेष्ठ | कार्यालय सहयोगी | अस्थायी |
| १२ | श्री सविन डोटेल | कार्यालय सहयोगी | करार |
| १३ | श्री प्रेम माया श्रेष्ठ | कार्यालय सहयोगी | करार |
| १४ | दिलमाया श्रेष्ठ | कार्यालय सहयोगी | करार |

ख. मातहतका वडा कार्यालयरु तर्फ

| क्र.सं | नाम थर | कार्यरत वडा | पद | सेवाको प्रकृति |
|---|---|---|---|---|
| १ | श्री सहदेव खड्का | १ | कार्यालय साहायक | अस्थायी |
| २ | श्री दामोदर न्यौपाने | २ | कम्प्युटर अपरेटर | करार |
| ३ | श्री शान्ता न्यौपाने | २ | कार्यालय सहयोगी | करार |
| ४ | श्री घम्मर बहादुर श्रेष्ठ | ३ | कार्यालय साहायक | अस्थायी |
| ५ | श्री सुर्यमान तामाङ | ३ | कार्यालय सहयोगी | करार |
| ६ | श्री स्वस्थानी पराजुली | ४ | सामाजिक परिचालक | करार |
| ७ | श्री रेणु तामाङ | ४ | कार्यालय सहयोगी | करार |
| ८ | श्री निर्मला श्रेष्ठ | ५ | कम्प्युटर अपरेटर | करार |
| ९ | श्री अनु तामाङ | ५ | कार्यालय सहयोगी | करार |
| १० | श्री सृजना पराजुली | ६ | कम्प्युटर अपरेटर | करार |
| ११ | श्री जमुना तामाङ | ६ | कार्यालय सहयोगी | करार |
| १२ | श्री सुमित्रा पराजुली | ७ | कम्प्युटर अपरेटर | करार |
| १३ | श्री धन बहादुर तमाङ | ७ | कार्यालय सहयोगी | करार |
| १४ | श्री राज कुमार दर्जी | ७ | कार्यालय सहयोगी | करार |
| १५ | श्री बिमला चालिसे | ८ | कम्प्युटर अपरेटर | करार |
| १६ | श्री बासुदेव पराजुली | ८ | कार्यालय सहयोगी | करार |

ग. गाउँकार्यपालिकाको कार्यालय मातहतका स्वास्थ्य संस्थाहरु तर्फ

जलविरे प्राथमिक स्वास्थ्य केन्द्र, बलेफी १, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री जसना राउत | स्टाफ नर्स (सहायक स्तर पाँचौं) | करार |
| २ | श्री सृजना चौंलागाई | फार्मेसी सहायक (सहायक स्तर पाँचौं) | करार |
| ३ | श्री आशा कुमारी निराला | अ.हे.व. (सहायक स्तर चौंथो) | करार |
| ४ | श्री रेवती थापा | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| ५ | श्री मेघराज गिरी | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| ६ | श्री शोभा पराजुली | ल्या.अ. (सहायक स्तर चौंथो) | करार |
| ७ | श्री दिपक खड्का | कार्यालय सहयोगी | करार |
| ८ | श्री दिप बहादुर खड्का | कार्यालय सहयोगी | करार |
| ९ | श्री संगिता बुढाथोकी | कार्यालय सहयोगी (पैरे डबली गाउँघर क्लिनिक) | ज्यालादारी |

धन्सार आधारभूत स्वस्थ्य केन्द्र, बलेफी २, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री सुभद्रा नेपाल | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| २ | श्री संगीता थापा | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री प्रमीला भण्डारी | कार्यालय सहयोगी | करार |

फूल्पिª कोट स्वास्थ्य चौकी, बलेफी २, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री सज्जन न्यौपाने | हे.अ (सहायक स्तर पाँचौं) | करार |
| २ | श्री सीता पाठक | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री सविना भण्डारी | अ.न.मी. (सहायक स्तर चौंथो) | करार |
| ४ | श्री सविना न्यौपाने | अ.न.मी. (सहायक स्तर चौंथो) | काज |
| ५ | श्री सुनिता भण्डारी | कार्यालय सहयोगी | करार |

धुस्कोट आधारभूत स्वास्थ्य सेवा इकाई, बलेफी ३, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री मिम बहादुर राउत | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |

फुल्पिङडाँडा स्वास्थ्यचौकी, बलेफी ४, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री सुजन श्रेष्ठ | फूल्पिª डांडा स्वास्थ्य चौकी | करार |
| २ | श्री मन्जु कार्की | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री रुयाना वि.क. | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| ४ | श्री सुनिता बजगाई | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| ५ | श्री देवकी सिलवाल खत्री | कार्यालय सहयोगी | करार |

मुलाबारी आधारभूत स्वास्थ्य केन्द्र, बलेफी ५, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री शान्ता न्यौपाने | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| २ | श्री सरस्वती पौडेल | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री कविता तामाङ | कार्यालय सहयोगी | करार |

जालबारी आधारभूत स्वास्थ्य केन्द्र, बलेफी ६, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री मुना थामी | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| २ | श्री रेवता चौंलागाई | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री सुमित्रा खड्का | अ.हे.व (सहायक स्तर चौंथो) | करार |
| ४ | श्री नीरा कुमारी चौंलागाई | कार्यालय सहयोगी | करार |

मांखा सामुदायिक स्वास्थ्य सेवा इकाई, बलेफी ६, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | दिपेश पराजुली | हे.अ. | करार |

| | | | |
|---|---|---|---|
| २ | श्री गंगा डोटेल | कार्यालय सहयोगी | ज्यालादारी |

मा॰खा स्वास्थ्य चौकी चिम्लि॰, बलेफी ७, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री शुष्मा कार्की | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| २ | श्री मनिषा कार्की | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री बिर बहादुर तामाङ | कार्यालय सहयोगी | स्थायी |
| ४ | श्री मन्दिरा पराजुली | कार्यालय सहयोगी | ज्यालादारी |

टोप्का आधारभूत स्वास्थ्य केन्द्र, बलेफी ८, सिन्धुपाल्चोक

| | | | |
|---|---|---|---|
| १ | श्री पवित्रा बस्नेत | अ.हे.ब. (सहायक स्तर चौंथो) | करार |
| २ | श्री सृजना सतशँङ्कर | अ.न.मी (सहायक स्तर चौंथो) | करार |
| ३ | श्री परशुराम आचार्य | कार्यालय सहयोगी | करार |

९. बलेफी गाउँ गाउँपालिकामा देहायका विभिन्न कार्यक्रममा करारमा कार्यरत देहायको कर्मचारीहरुको करार सेवा अवधि आगमी २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म थप गर्ने र करार सेवा अवधि थप गरिएका सबै कर्मचारीहरुलाई नेपाल सरकार, बागमती प्रदेश सरकारको सम्बन्धित कार्यक्रममा कार्यरत रहने कर्मचारीको लागि तोकेको सेवा सुविधा उपलब्ध गराउनेः-

| | | |
|---|---|---|
| श्री अमिरजन नेपाल | सूचना प्रविधि अधिकृत | PLGSP |
| श्री ज्ञानु तामाङ | रोजगार संयोजक | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| श्री फुपा छिरिङ तामाङ | **MIS Operator** | **SSSPCR** |
| श्री रोहित पराजुली | असिस्टेन्ट सव इन्जिनियरव | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| श्री बाबुकाजी रोक्का | उद्यम विकास सहजकर्ता | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम |
| श्री रमिला सापकोटा | उद्यम विकास सहजकर्ता | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम |
| श्री सविता श्रेष्ठ | पोषण स्वयम् सेवक | बहुक्षेत्रीय पोषण कार्यक्रम |
| श्री सुमित्रा नेपाल | फिल्ड सहायक | **SSSPCR** |

**विद्यालय नर्स (सहायक स्तर पाँचौं)** श्री रेखा भण्डारी बालशिक्षा मा.बि. बलेफी ७, सिन्धुपाल्चोक
**विद्यालय नर्स (सहायक स्तर पाँचौं)** श्री रिता नेपाल फूल्पिङकोट मा.वि बलेफी २, सिन्धुपाल्चोक
**विद्यालय नर्स (सहायक स्तर पाँचौं)** श्री दिपा पौडेल सरस्वती मा.वि बलेफी ७, सिन्धुपाल्चोक
**विद्यालय नर्स (सहायक स्तर पाँचौं)** श्री प्रतिक्षा थापा आनन्द मा.वि. बलेफी ७, सिन्धुपाल्चोक

१०. चालु आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रममध्ये वडा नं. ५ मा रहेको सेतीदेवी आ.वि.लाई अनुदान उपलब्ध गराउनु पर्ने रु. ४५,०००।- अनुदान रकम ज्यामिरे आ.वि अनुदान शीर्षकमा विनियोजित भएकोले उक्त रकम रु. ४५,०००।- सेतीदेवी आ. वि लाई उपलब्ध गराउने।

११. यस गाउँपालिकाको वडा नं. ८ को लामोसाँघुबाट वडा नं. ८ को वडा कार्यालय भवन सम्म जाने सडक वर्षाका कारण अवरुद्ध भएकाले सो को मर्मत सम्भार गरी अवरुद्ध सडक सुचारु गर्ने। चालु आ.व. को आकस्मिक कोषबाट रु २०,०००।- रकम विनियोजन गर्ने ।

१२. यस गाउँपालिकाको वडा नं. १ मा रहेको कच्ची सडकहरु हालै आएको भारी वर्षाका कारण अवरुद्ध भएकोले उक्त वडाको चालु आ.व. २०७८/०७९ मा विनियोजित विविध खर्च शीर्षकमा रहेको रकम मध्ये रु २५,०००।- खर्च गरी कामदार लगाई उक्त अवरुद्ध सडक पन्छाउने तथा मर्मत सम्भार गर्ने ।

१३. यस गाउँपालिकाको वडा नं ३ को धुस्कोटमा गाउँघर क्लिनिक सञ्चालनमा रहेको भवनमा कार्यालय रहने गरी आगामी आ.व. २०७९/०९० देखि धुस्कोट सामुदायिक स्वास्थ्य ईकाई स्थापना गर्ने । उक्त इकाईमा काम गर्ने गरी १ जना अ.हे.व., १ जना अ.न.मि र १ जना कार्यालय सहयोगीको दरबन्दी सिर्जना गर्ने । गाउँपालिकाको वडा नं. ६ मा रहेको जालबारी आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि SBA Training प्राप्त अ.न.मी, गाउँ कार्यपालिकाको कार्यालयको पूर्वाधार विकास तथा भवन नियमन शाखामा १ जना कम्प्यूटर अपरेटर, १ नं वडा कार्यालय र जलविरे प्राथमिक स्वास्थ्य केन्द्रमा एक/एक जना कार्यालय सहयोगी, जलविरे प्राथमिक स्वास्थ्य केन्दमा एक जना रेडियोग्राफर आवश्यक भएकोले तीती दरबन्दी सिर्जन्ना गर्ने र उल्लेखित सबै कार्यालय तथा स्वास्थ्य संस्थामा पठाउन सकिने प्रयाप्त जनशक्ति नभएको हुँदा आगामी आ.व. २०७९/०८० को सुरुदेखि नै उल्लेखित सबै जनशक्ति प्राप्त गर्न सकिने गरी सूचना प्रकाशन गरी योग्य जनशक्ति करारमा लिने । करारमा लिइने सबै जनशक्तिको लागि नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक, चाडपर्व खर्च, पोशाक भत्ता र नियमानुसार पाउने भ्रमण खर्च समेत भुक्तानी गर्ने व्यवस्था गर्ने ।

१४. चालु आ.व. २०७८/०७९ मा विञ्जेल दुग्ध उत्पादक सहकारी संस्थालाई अनुदान दिने गरी स्वीकृत रकम रु. २,००,०००/- उक्त संस्थाको मागको आधारमा निशर्त रुपमा नगद अनुदान उपलब्ध गराउने ।

१५. आगामी आ.व. मा यस गाउँपालिकामा निर्माण हुने देहायका निर्माण कार्यहरुको दर विश्लेषण गर्दा देहायका कार्यालय तथा निकायहरुको नर्म्सलाई आधार लिने गर्नेः-

- भवन सम्बन्धी निर्माण कार्यको लागि भवन विभागले तयार गरेको नर्म्स
- सडक सम्बन्धी निर्माण कार्यको लागि सडक विभागले तयार गरेको नर्म्स
- खानेपानी तथा सिंचाई सम्बन्धी निर्माण कार्यका लागि सम्बन्धित विभागबाट स्वीकृत नर्म्स
- विस्तृत परियोजना प्रतिवेदन, प्रारम्भिक वातावरणीय प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकनको लागि सङ्घिय तथा प्रदेशका सम्बन्धित माथिल्लो निकायले तयार गरेका नर्म्स

१६. आगामी आ.व. २०७९/०८० मा यस गाउँपालिकाको विभिन्न बजारहरु तथा गाउँ बस्तिहरुको फोहोरको व्यवस्थापन गर्न आवश्यकताको आधारमा कुहिने, नकुहिने र सिसाजन्य फोहोरलाई अलग अलग गर्ने र सो लागि आवश्यक डसविनको व्यवस्था गर्ने ।

१७. चालु आ.व. २०७९/०८० मा प्रदेश समपुरक अनुदानबाट निर्माणाधिन कोठे विञ्जेल धुस्कोट सडक स्तरोन्नती र खाल्डे तल्लागाउँ सडक स्तरोन्नतीको कार्य विशेष कारणवस चालु आ.व. २०७८/०८९ मा सम्पन्न हुन नसक्ने देखिएकोले सोको लागि आवश्यक स्रोतको व्यवस्था गरी उक्त कार्य गर्ने निर्माण व्यवसायीसँगको ठेक्काको म्याद सकिने मिति देखि आगामि २०७९ को पौष मसान्तसम्म थप गर्ने ।

१८. बलेफि गाउँपालिका सिन्धुपाल्चोकको लैंगिक समानता र सामाजिक समावेशिकरण रणनीति, २०७९ पारित गर्ने ।

१९. यस गाउँपालिकाको सरस्वति मा.वि.चिम्लिङमा कार्यरत दरबन्दी भन्दा बाहिरका शिक्षकको तलब भत्ता भुक्तानी गर्ने प्रयोजनको लागि यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को कर्मचारी पारिश्रमिकमा बचत हुने रकमबाट उक्त विद्यालयलाई रु. २,५०,०००/-अनुदान उपलब्ध गराउने ।

२०. बलेफी गाउँपालिकाका प्रत्येक वडा कार्यालयहरुमा आउने अतिथिहरुको सत्कार खर्च, वडा समितिको बैठकमा हुने चिया खाजा खर्च, वडा कार्यालयमा सफा खानेपानीको व्यवस्था, कर्मचारीहरुको लागि दैनिक सामान्य चिया खाजामा हुने खर्च समेत गरी प्रति वडा कार्यालय मासिक रु.१०,०००/- सम्म विविध खर्च बापत रकम विनियोजन गर्ने साथै सो बराबरको खर्च गरी वडा कार्यालयबाट बील भर्पाई सहित भुक्तानीका लागि लेखी आएमा सो वापतको खर्च भुक्तानी बलेफी गाउँ कार्यपालिकाको कार्यालयबाट गर्ने र बलेफी गाउँ पालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ मा वडा कार्यालयलाई अतिथि सत्कार बापत तोकिएको रकमको सीमा यसै निर्णय बमोजिम हुने गरी संशोधन गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने ।

२१. यस गाउँ पालिकाको वडा नं ४ मा रहेको विञ्जेल दुग्ध उत्पादक सहकारी संस्थाको कार्यालयबाट सेवा सञ्चालन गर्ने गरी उक्त वडामा पशु स्वास्थ्य क्लिनिक स्थापना गर्ने । उक्त स्वास्थ्य क्लिनिकको लागि चाहिने जनशक्ति, औषधि, फर्निचर, कार्यालय सामग्री लगायतका अन्य आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँकार्यपालिकाको कार्यालयले आगामी आ.व. को स्वीकृत उपयुक्त खर्च शिर्षकबाट गर्न निर्देशन दिने ।

२२. यस गाउँपालिका र मातहत वडा कार्यालयको प्रयोजनका लागि चालु आ.व. २०७८/०७९ सम्म भाडामा लिएका सबै घरहरुको घरभाडा सम्झौता मिति २०७९/०४/०१ गतेदेखि लागु हुने गरी नवीकरण गर्ने र आगामी आ.व. २०७९/०८० मा समेत कार्यालयको लागि प्रयोग गर्ने तथा आगामि आ.व. २०७९/०८० मा यस गाउँपालिकाको कार्यालय प्रयोजनको लागि यस गाउँपालिकाको वडा नं ५ को बलेफी बजार, कोठे र अँधरीमा कम्तिमा ३/३ वटा कोठा भएका पानी र बत्तिको सुविधा र यातायातको पहुँच भएका थप १/१ वटा गरी तीनवटा घरहरु भाडामा लिन आवश्यक भएकाले नियमानुसार भाडामा लिने ।

२३. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन (कार्यविधि) विधेयक, २०७९ पारित गर्ने ।

२४. यस कार्यालयमा स्थायी तथा करारमा कार्यरत ईन्जिनियर, सव इन्जिनियर, अ.स.ई र खा.पा.स.टेहरु निरन्तर फिल्डमा रहेर काम गर्नु पर्ने भएकाले उनीहरुको कार्यको सम्मान गर्दै आगामी आ.व. २०७९/०८० देखि निजहरु सबैको मासिक शुरु तलब स्केलको १५% ले हुने रकम फिल्ड भत्ता वापत उपलब्ध गराउने ।उक्त भत्ताको रकम कार्यालयमा वा फिल्डमा उपस्थित नभएमा, कार्यालयको कामले गाउँपालिका बाहिर काजमा रहेमा र सार्वजनिक विदा बाहेक अन्य विदा बसेमा विदा बसेको वा अनुपस्थित भएको अवधिको दामासाहीले कट्टी गरेर मात्र उपलब्ध गराउने। यसरी

फिल्ड भत्ता प्राप्त गर्ने सबै प्राविधिकहरुले गाउँपालिकाको क्षेत्रभित्रको काममा खटेको समयमा दैनिक भ्रमण खर्चको सुविधा उपलब्ध नगराउने।

२५. यस गाउँपालिकाको लागि सुविधा सम्पन्न एम्बुलेन्स आवश्यक भएकोले भारतीय राजदूतावासमा माग गरी पठाउने ।

२६. यस गाउँपालिकाको वडा नं ३ को चालु आ व २०७८/०७९ को जनप्रतिनिधि तथा कर्मचारी अन्तरक्रिया तथा वनभोज कार्यक्रमका लागि भनी विनियोजित रकमबाट वडा नं ३ का जनप्रतिनिधि तथा कर्मचारीवीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको, सोही अवसरमा नयाँ निर्वाचित जनप्रतिनिधिहरुको स्वागत तथा पूराना जनप्रतिनिधिहरुको विदाई कार्यक्रम सञ्चालन गरी उक्त कार्यक्रमबाट वडाका सम्पूर्ण गतिविधिहरुलाई, कसरी थप प्रभावकारी, मितव्ययी पारदर्शी बनाउने भन्ने विषयमा अन्तरक्रिया भई सुशासनमा योगदान पुग्ने किसिमको कार्यक्रम भए देखिएकोले वडा नं ३ को वडा सचिव श्री जयराम कोइरालाबाट सो को लागि भुक्तानी माग भएको रकम रु. ९७,०००।- (अक्षरेपी सन्तानब्बे हजार रुपैंया) भुक्तानी दिने ।

२७. बलेफी गाउँपालिकाको कार्यालय र वडाहरुको आगामी आ.व. २०७९/०८० को स्वीकृत राहत उद्दार तथा पुनस्थापना खर्च शिर्षकमा आवश्यक रकम भएको अवस्थामा गाउँपालिकाका अध्यक्षले गाउँपालिका भरिका र सम्बन्धित वडाका वडाअध्यक्षले आफ्नो वडाका अतिविपन्न र असहाय व्यक्तिहरु विरामी भएकोले उपचारका लागि वा अन्य कारणले केही रकम आर्थिक सहायताको रुपमा उपलब्ध गराउन आवश्यक भएमा एक परिवारको एक जना व्यक्तिलाई मात्र बढीमा रु. २०,०००/- रकमसम्म सोवापत आर्थिक सहायता उपलब्ध गराईदिने भनी गरेको सिफारिसको आधारमा सिफारिसमा उल्लेखित आर्थिक सहायताको नगदै रकम गाउँ कार्यपालिकाको कार्यालयले उपलब्ध गराउन सक्ने अधिकार गाउँकार्यपालिकाको कार्यालयलाई दिने।

२८. बलेफी गाउँपालिका सिन्धुपाल्चोकका सबै वडाहरु छनौट गरी नेपाल सरकारको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ लगायत बालमैत्री स्थानीय शासनको नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने, बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने तथा घोषणाका लागि आवश्यक सम्पूर्ण कार्य प्रक्रियाको थालनी गर्ने।

२९. नेपाल सरकारबाट बालमैत्री स्थानीय शासन कार्यान्वयन, अवलम्वन तथा घोषणाका लागि तयार गरिएको "बालबालिकाको संगठन निर्माण तथा सहजीकरण मार्गदर्शन र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ लाई स्वीकृत गर्ने र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा तोकिएका ५१ वटा सूचकहरुलाई नै यस गाउँपालिकालाई बालमैत्री बनाउन आवश्यक सूचकको रुपमा निर्धारण गर्ने।

३०. बलेफी गाउँपालिका सिन्धुपाल्चोकमा बालमैत्री स्थानीय शासनको सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोकी सोको जिम्वेवारी तोक्ने अधिकार बलेफी गाउँकार्यपालिकाको कार्यालयलाई दिने। हाललाई यस गाउँपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई उक्त सम्पर्क शाखाको रुपमा तोक्ने र स.म.वि. निरीक्षकको पदमा कार्यरत श्री भीमादेवी दुलाललाई सोको सम्पर्क व्यक्तिको रुपमा तोकी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि, २०७९

बमोजिमका कार्य र यस गाउँपालिकाले स्वीकृत गरेको कार्ययोजनामा उल्लेखित कार्य गर्ने जिम्मेवारी दिने ।

३१. बलेफी गाउँपालिका सिन्धुपाल्चोकको आगामी आ. व. को पूँजीगत रकमबाट कम्तिमा ५ प्रतिशत रकम व्यवस्था गरी गाउँपालिकामा बालमैत्री स्थानीय शासनको नीतिगत व्यवस्थाको कार्यान्वयन, बालमैत्री स्थानीय शासन व्यवस्थाको अवलम्वन गर्ने, आगामी २०८१ साल बैशाख भित्र गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाको रुपमा घोषणा गर्ने, बालमैत्री स्थानीय शासनको अवलम्बन र घोषणाको सहजीकरणको लागि **बलेफी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४** को कार्यप्रक्रिया पुरा गरी गाउँपालिका स्तरको एक जना र वडा स्तरको आठ जना गरी जम्मा ९ जना बालमैत्री सहजकर्ता करारमा नियुक्त गर्ने, यसरी नियुक्त हुने सहजकर्ता मध्ये गाउँपालिका स्तरको बालमैत्री सहजकर्तालाई मासिक रु.२०,०००/- र वडा स्तरको सहजकर्ताको लागि मासिक रु.१७,०००/- पारिश्रमिक उपलब्ध गराउने, नीतिगत व्यवस्थाको कार्यान्यिन, अवलम्बन र घोषणाको लागि हुने अन्तरक्रिया, अभिमुखीकरण कार्यक्रम, तालिम सेमिनार, बैठक लगायतका कार्यक्रममा सहभागी सबैलाई बलेफी गाउँ पालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ मा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

३२. गाउँपालिका अन्तरगतको बजार क्षेत्रहरुमा जडान गरिएको सडक बत्तीको भुक्तानी गर्न बाँकी चालु आ.व.२०७८/०७९ को ने.वि.प्रा.बाट प्राप्त बिल बमोजिमको हर्जना सहितको विद्युत महसुल रकम भुक्तनि गर्ने र आगामी आ.व २०७९/०८० मा समेत त्यस्ता सडक वत्तिको विद्युत महसुल भुक्तानी गर्ने आवश्यक स्रोतको व्यवस्था गरी भुक्तानी गर्ने।

३३. बलेफी गाउँपालिकाका देहायका विधेयकहरु पारित गर्नेः

- बलेफी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको कृषि व्वयसाय प्रवर्द्धन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको सङ्घ संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०७९
- बलेफी गाउँपालिकाको बजार व्यवस्थापन तथा अनुगमन विधेयक, २०७९
- बलेफी गाउँपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी विधेयक, २०७९ र शिक्षा सम्बन्धी विधेयक, २०७९

३४. सिन्धुपाल्चोक जिल्ला र अन्य जिल्लाबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाका प्रकाशकहरुबाट यस गाउँपालिका र यस गाउँपालिका अन्तरगतका विभिन्न वडाको नामबाट आफुखुसी विभिन्न सूचनाहरु तथा सामाग्रीहरु प्रकाशन तथा प्रशारण गरी सो को भुक्तानी पटक पटक माग गर्ने प्रवृत्ति बढेकोले अव उप्रान्त बलेफी गाउँपालिकाको कार्यालय बलेफी सिन्धुपाल्चोकको लिखित आदेश वा कार्यालयसँग भएको सम्झौता विना गाउँपालिकाले भुक्तानी गर्नु पर्ने गरी दायित्व सिर्जना हुने त्यस्ता सूचना तथा सामाग्रीहरु प्रकाशन तथा प्रशारण नगर्न नगराउनु हुन भनी सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गर्न र आगामी दिनहरुमा गाउँकार्यपालिकाको कार्यालयको लिखित आदेश तथा सम्झौता बिना प्रकाशन तथा प्रशारण भएका त्यस्ता सूचना तथा सामग्रीहरुको भुक्तानी कसैलाई पनि नगर्न गाउँकार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोकलाई निर्देशन दिने ।

३५. यस गाउँपालिकाको वडा नं. ३ मा प्रस्तावित औद्योगिक ग्राम निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेमा सो को लागि यस कार्यालयमा आवश्यक जनशक्ति नभएकोले आगामी आ.व. २०७९/-८० मा योग्य परामर्शदाताको सेवा लिई सो कार्य सम्पन्न गर्ने ।

३६. आगामी आ.व. २०७९/०८० भित्र गाउँपालिकाको अद्यावधिक Spacial Based आवधिक योजना, सडक यातायात गुरुयोजना, गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, मध्यकालिन खर्च संरचना तथा अद्यावधिक वस्तुस्थिति विवरण तयार गर्न आवश्यक भएको तर ती कार्यको लागि योग्य र प्रयाप्त जनशक्ति यस कार्यालयमा नभएकोले योग्य परामर्शदाताको सेवा लिई त्यस्ता कार्यहरु सम्पन्न गर्ने ।

३७. यस गाउँपालिकामा सञ्चालन हुने विभिन्न कार्यक्रमको लागि तयार गर्नु पर्ने विस्तृत परियोजना प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन तथा बनाउनु पर्ने विभिन्न गुरुयोजना, आवधिक योजना, क्षेत्रगत योजनाहरु लगायत परामर्श सेवाबाट गरिने सबै कार्यहरुको कार्यक्षेत्रगत शर्तहरु (TOR) स्वीकृत गर्ने, कार्यक्षेत्रगत शर्तहरु बमोजिम परामर्शसेवाबाट भएका कार्यको प्राप्त प्रतिवेदन अध्ययन गरी स्वीकृत गर्ने अधिकार यस गाउँपालिकाको कार्यालय प्रमुखलाई दिने ।

३८. बलेफी गाउँ कार्यपालिकाको कार्यालय सिन्धुपाल्चोकबाट गरिने निर्माण कार्य, खरिद गरिने मालसामान; परामर्श सेवा र अन्य सेवाको लागत अनुमान तयार गर्दा गाउँपालिकाले निर्धारण गरेको दररेट नभएको अवस्थामा सिन्धुपाल्चोक जिल्लाको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने। सिन्धुपाल्चोक जिल्लाको दररेटमा समेत लागत अनुमान गर्ने बिषयको दररेट नभएको अवस्थामा काभ्रेपलाञ्चोक वा काठमाण्डौं उपत्यकाका जिल्लाको दररेटलाई आधार मानी त्यसमा ढुवानी समेत जोडी लागत अनुमान तयार गर्ने। उल्लेखित जिल्लाहरुको दररेट समेत उल्लेख नभएको विषयको लागत अनुमान गर्दा बलेफी गाउँपालिकाको कार्यालयमा सूचीकृत भएका फर्म/ बिक्रेता/कम्पनी/ सप्लायर्स/ निर्माण व्यवसायी आदिमध्ये कम्तिमा कुनै तीनवटा र बढीमा कुनै छ वटा फर्म/ बिक्रेता/कम्पनी/ सप्लायर्स/ निर्माण व्यवसायीबाट लागत अनुमान प्रयोजनका लागि लिखित रुपमा दररेट माग गरी पेश भएका दररेटमध्ये सबैभन्दा कम दररेटलाई लागत अनुमानको दर मानी लागत अनुमान तयार गर्ने ।

३९. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा मकवानपुरमा बलेफी गाउँकार्यपालिकाको कार्यालय, बलेफी सिन्धुपाल्चोकको च.नं ४९० मिति २०७८/०७/१० को पत्रानुसार रिक्त पद पूर्तिका लागि माग आकृति फाराम भरी पठाइएका विभिन्न पदहरुमध्ये नेपाल स्वास्थ्य स्वास्थ्य सेवा हेल्थ इन्सपेक्सन समूह सहायक स्तर पाँचौं तहको हेल्थ असिष्टेन्ट पद संख्या -३, नेपाल स्वास्थ्य सेवा हेल्थ ईन्स्पेक्सन समूहको सहायक स्तर चौथो तहको अ.हे.व पद सख्या -५ र सोही सेवा प.हे.न./क.न. समूहको सहायक स्तर चौथो तहको अ.न.मि पद संख्या'- ४ यस गाउँपालिकामा रहेका वास्तविक रिक्त पदभन्दा बढी पद संख्या माग गरी पठाइएको पाइएको, लोक सेवा आयोगमा माग भै गएका सबै पदहरुको विज्ञापन भै लिखित परिक्षा समेत भएकोले अब गाउँपालिकाले सो विषयमा आफ्नो गल्ति सच्याएर सही संख्यामा मात्र माग कायम गरी दिने भनी अनुरोध गर्न सक्ने अवस्था समेत नभएकोले लोक सेवा आयोगबाट माग भए जति सबै पदहरुमा स्थायी रुपमा पदपूर्ति गर्न उम्मेदवार सिफारिस

गरी पठाएमा पठाइएका सबै जनालाई स्थायी नियुक्ति गरी पहिला काममा लगाउने र गाउँपालिकाको संगठन तथा सर्वेक्षण गरी लोक सेवा आयोगबाट पठाइएका दरबन्दी भन्दा बढी कर्मचारीहरुको समेत पद सिर्जना गरी त्यसरी सिर्जना भएका पदहरुमा निजहरुलाई पदस्थापन गर्ने ।

४०. यस गाउँपालिका र मातहत वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुको रिक्त दरबन्दीमा आवश्यक कर्मचारी तथा जनशक्ति करारमा लिने सम्बन्धमा गठन हुने छनौट समितिमा रहने सबै पदाधिकारी तथा उक्त समितिका आमन्त्रित अन्य सबै सदस्यहरु समेतलाई प्रतिबैठक रु. १२००/- का दरले बैठक भत्ता दिने ।

४१. बलेफी गाउँकार्यपालिकाको कार्यालयमा महिन्द्राको बोलेरो पिकअप थान-१, स्कर्पियो जीप थान-१ गरी जम्मा २ वटा चारपाङ्ग्रे सवारी साधन र दर्जनौं मोटर साईकलहरु गाउँपालिकाको कामले बलेफी गाउँपालिकाको भूभागमा आवतजावत गरिरहनु पर्ने भएको, चारपाङ्ग्रे सवारी साधनहरु गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, कार्यालय प्रमुख लगायत बिषयगत शाखा प्रमुखहरु र मोटरसाईकलहरु वडा अध्यक्षहरु र अन्य कर्मचारीहरुद्वारा गाउँपालिकाको कार्यमा प्रयोग भैरहेका, गाउँपालिकाका सबै वडाहरु कच्ची सडक सञ्जालमा जोडिसकेकाले ती सडकहरुमा यस्ता सवारी साधनहरु विभिन्न कामले निरन्तर चलाउनु पर्ने भएको र कच्ची तथा कठिन सडकहरुमा गाडीले दिनुपर्ने तोकिए बमोजिमको माईलेज पनि नदिने, ईन्धनमा बढी खर्च हुने, पटक पटक गाडीका पाटपूर्जा भाचिने तथा बिग्रने प्रक्रिया निरन्तर चलिरहने अवस्था सिर्जना भई सोको पटक पटक मर्मत संभार गर्नु पर्ने हुँदा मर्मत संभार खर्च पनि बढी देखिने गरेको, कठिन भूगोलका कारण कुन सवारी साधनको कति समयमा के पार्टपूर्जा बिग्रन्छ वा भाचिन्छ भन्ने अग्रिम थाह नहुने, कामको सिलसिलामा पटक पटक भाँचिएका तथा बिग्रेका त्यस्ता पाटपूर्जाहरु बनाई रहनु पर्ने तथा खरिद गरिरहनु पर्ने अवस्था सिर्जना भईरहेको बिषयको विश्लेषण गर्दै गाउँपालिकाको कामलाई थप छिटो छरितो र प्रभाकारी बनाउन कार्यालयका सवारी साधनलाई तत्काल चालु हालतमा ल्याउन आवश्यक हुने भएकोले गाउँपालिकाका अध्यक्षज्यूको समन्वयमा सम्बन्धित जनप्रतिनिधि तथा सवारी चालकले सवारी साधनमा समस्या आउने वित्तिक्कै तुरुन्त सवारी साधन मर्मत गर्न ग्यारेज तथा वर्कसपमा लगेर मर्मत संभार गराई चालु अवस्थामा ल्याएर कार्य सम्पन्न गर्नु पर्ने तथा त्यस्तो मर्मतसंभार कार्यको खर्चको बील भर्पाई कार्यालयमा पेश भएको अवस्थामा गाउँकार्यपालिकाको कार्यालयबाट अविलम्ब बील बमोजिमको रकम सम्बन्धित पक्षलाई भुक्तानी दिनु पर्ने ।

४२. आगामी आ.व. २०७९/०८० मा बलेफी गाउँपालिकाको नियमानुसार हुने गाउँसभाहरुमा उपस्थित हुने गाउँसभाका सदस्यहरुलाई आवश्यकताका आधारमा गाउँसभा सुरुहुने दिन भन्दा अघिल्लो दिनदेखि गाउँसभा सम्पन्न भएको दिनसम्म दैनिक बिहान बेलुका खाना, खाजा र आवासको व्यवस्था गरी सोको खर्चहरु गाउँ गाउँपालिकाको स्वीकृत सम्बन्धित खर्च शिर्षकबाट भुक्तानी दिने ।

४३. आगामी आ.व. २०७९/०८० मा बस्ने गाउँकार्यपालिकाको बैठकहरु र गाउँपालिकाका बिभिन्न समितिहरुका बैठकहरुमा नियानुसार उपस्थित हुनुपर्ने पदाधिकारी तथा सदस्यहरु र

आवश्यक कर्मचारीहरुलाई समेत आवश्यकता अनुसार खाना खाजाको व्यवस्था गरी सोको खर्चहरु गाउँ गाउँपालिकाको स्वीकृत विविध खर्च शिर्षकबाट भुक्तानी दिने ।

४४. आगामी आ.व. २०७९/०८० मा गाउँपालिकाका सबै वडा कार्यालयहरुले आ-आफ्नो वडाको लागि विनियोजन गरेका स्वीकृत विभिन्न शिर्षकहरुमा भएको रकमहरु खर्च भै सोको बील समेत राखी भुक्तानीको लागि सम्बन्धित वडा कार्यालयबाट लेखी आएमा गाउँकार्यपालिकाको कार्यालयले विनियोजित तथा स्वीकृत रकम बराबरको खर्चका बीलहरु भुक्तानी गरिदिनु पर्नेछ । साथै, त्यस्ता रकमहरु पेश्कीको रुपमा माग भै आएमा सम्बन्धित वडा सचिवको नाममा पेश्की समेत उपलब्ध गराउनु पर्नेछ ।

४५. यस गाउँपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तरगत कार्यरत एम. आई. एस अपरेटर र फिल्ड सहायकहरुको लागि आगामी आ.व.२०७९/०८० मा गाउँपालिकाले व्यहोर्नु पर्ने भनिए बमोजिमको तलव भत्ता बराबरको रकम बलेफी गाउँपालिकाबाट विनियोज़ित गरी भुक्तानी गर्नु पर्ने ।

४६. यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षको लागि बागमती प्रदेश सरकारको कानून बमोजिम तोकिएको इन्धनको मासिक परिमाणले गाउँपालिका तथा वडामा सञ्चालित विकास निर्माण तथा अन्य गतिविधिहरुको व्यवस्थापन तथा अनुगमन गर्ने कार्यको लागि अपुग हुने भएकोले गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको लागि बागमती प्रदेश सरकारले तोकेको परिमाणले अपुग भएमा अपुग हुने परिमाण र वडा अध्यक्षका लागि थप १०/१० लिटर इन्धन गाउँपालिकाबाट उपलब्ध गराउने।

४७. यस गाउँपालिकाको ६ नं. वडामा १८५ वटा प्लाष्टिक कुर्चीको आवश्यकता भएकोले गाउँपालिकाको आगामी आ.व. २०७९।०८० को लागि स्वीकृत फर्निचर तथा फिक्चर्स शीर्षकमा विनियोजन भएको रकममध्येको रु. १५०,०००।— बाट भुक्तनी हुने गरी आवश्यक संख्यामा प्लाष्टिक कुर्ची सोझै खरिद गर्ने र अविलम्व ६ नं वडामा उपलब्ध गराउने।

४८. बलेफी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची ५ को ३ नं बुँदाको द्रष्टव्यः १ मा रहेको स्वामित्वको प्रमाणपत्र पछि "वा कम्तिमा २ वर्षसम्म भाडामा लिएको सम्झौता पत्र " भन्ने वाक्यांश र कार्यविधिको दफा ३ को उपदफा ३ पछि देहायको उपदफा (४) थप गरी कार्यविधि शंसोधन गर्नेः-

**"(४) उपदफा ३ मा तोकिएको समयभित्र इजाजत पत्र नवीकरण नगराउने निर्माण व्यवसायीले उक्त अवधि पछि सवै प्रक्रिया पुरा गरी नवीकरण गराउन निवेदन दिएमा प्रमुख प्रशासकीय अधकृतले रु.२०,०००।- थप दस्तुर लिई इजाजत पत्र नवीकरण गरिदिनु पर्नेछ"।**

४९. बलेफी गाउँपालिकाको कार्यालयमा खरिद सम्बन्धी कार्य गर्न छुट्टै खरिद इकाईको आवश्यकता भएकोले कार्यालयमा एउटा खरिद इकाई स्थापना गर्ने र उक्त इकाईको प्रमुखको जिम्मेवारी बहन गर्ने गरी खरिद अधिकारी तोक्नु पर्ने कानूनी प्रावधान रहेकोले आगामी आ.व. २०७९/०८० को प्रारम्भमै खरिद अधिकारी तोक्ने अधिकार बलेफी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई दिने।

५०. बाल मैत्री स्थानीय शासन घोषणा गर्ने नेपाल सरकारको राष्ट्रिय अभियान अन्तरगत यस गाउँपालिकामा सञ्चालन हुने सो सम्बन्धी अभिमुखीकरण कार्यक्रम, अन्तरक्रिया कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार, बालमैत्री स्थानीय शासन सम्बन्धी आचारसंहिता, नीति, कार्यविधि तथा अन्य कानून निर्माणमा सहजीकरण गर्ने राष्ट्रिय स्तरका सहजकर्तालाई निजले सहजीकरण गरेको अवस्थामा निजहरुलाई कार्यक्रमको सहजीकरण गर्न आउने जाने र सहजीकरण गर्ने अवधि भरीको दैनिक आतेजाते यातायात खर्च र अधिकृत स्तरको दैनिक भ्रमण खर्च तथा कार्यपत्र निर्माण वापत कार्यपत्रको एक हजार रुपैया र सेसन सञ्चालन वापत प्रति सेसन तीन हजारका दरले दैनिक तीन सेसनको भूक्तानी दिने।

५१. यस गाउँपालिकाको वडा नं. ५ मा रहेको बलेफी बजार, वडा नं. ७ मा रहेको खाडिचौर बजार लगायतका बजारहरु र ती बजारमा रहेका गाउँपालिकाका निजी तथा भाडामा रहेका संरचनाहरुको निरन्तर सरसफाई गर्नको लागि आवश्यक संख्यामा दैनिक डोर हाजिरका आधारमा कामदारलाई काममा लगाउने र काम गर्ने त्यस्ता कामदारको लागि अदक्ष कामदारको लगि तोकिएको दरमा दैनिक पारिश्रमिक गाउँपालिकाको आगामी आ.व. २०७९/०८० को सरसफाई सेवा शुल्क वा परामर्श सेवा शुल्क वा अन्य सेवा शुल्कबाट भुक्तानी गर्ने।

५२. बलेफी गाउँकार्यपालिकाको कार्यालय सिन्धुपाल्चोकको बा.२.झ. ४०३१ नम्बरको स्कार्पियो जीपको इन्जिनमा धेरै समस्या आएर नचल्ने अवस्थामा रहेको तर उक्त सवारी साधन मर्मत गरी चालु अवस्थामा ल्याउन अत्यावश्यक भएकोले सोको मर्मत सम्भार गर्न लाग्ने **भक्तपुर मोटो टेक प्रा.लि. सुर्य विनायक -१०, भक्तपुर** नामको महिन्द्राको आधिकारिक वर्कसपबाट तयार गरिएको रु ६,३७,६७७/०८ बराबरको लागत अनुमान स्वीकृत गरी सोही वर्कसपबाट आगामी आ.व. २०७९/०८० मा उक्त सवारी साधनको मर्मत सम्भार सोझै खरिद विधिबाट अविलम्व गरी गर्ने र मर्मत सम्भार गरी अविलम्ब उक्त सवारी साधन चालु अवस्थामा ल्याउने।

५३. बलेफी गाउँपालिकाको गाउँसभा, गाउँकार्यपालिकाको बैठक, भू-उपयोग परिषद्, विपद् व्यवस्थापन समितिको बैठक, चौमासिक, चौमासिक, बार्षिक समिक्षा बैठक, कार्यालयको स्टाफ बैठक, कर्मचारीका विभिन्न बैठकहरु, सरोकारवालाहरुसँगको अन्तरक्रिया बैठक, आवधिक योजना, विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, विभिन्न क्षेत्रगत योजनाको प्रस्ताव माथि छलफल गर्न बस्ने बैठक, अद्यावधिक पाश्र्वचित्र निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा हुने विभिन्न बैठक, गोष्ठी, सेमिनार लगायतमा उपस्थित हुने सबै सहभागीहरुलाई आवश्यकताका आधारमा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिकामा तोकेको दरमा खाजा तथा खानाको व्यवस्था गरी उक्त खाना खाजाको खर्च स्वीकृत विविध खर्च शिर्षकबाट गर्ने।

५४. आगामी आ.व. २०७९/०८० मा यस गाउँपालिकामा सञ्चालन हुने निर्माण आयोजना तथा कार्यक्रमहरु तोकिएको परिमाण, गुणस्तर र मापदण्ड बमोजिम सम्पन्न भए नभएको बिषयमा कार्यालय प्रमुख समेतले अनुगमन गरी भुक्तानी गर्नु पर्नेमा निजको कार्य व्यस्थताका कारण निज स्वयम् सबै कार्यक्रमहरु सञ्चालन भएको कार्यस्थलमा पुगी अनुगमन गर्न सक्ने अवस्था नभएकोले निज स्वयम् अनुगमनका लागि सम्बन्धित कार्यस्थलमा पुग्न नसकेको आधारमा मात्र सम्पन्न भएका भनिएका आयोजना तथा कार्यक्रमको भुक्तानी रोकिरहनु व्यवहारिक नहुने भएकोले त्यस्तो अवस्थामा यस

गाउँपालिकाको सम्बन्धित वडामा कार्यरत असिष्टेण्ट सब ईन्जिनियर वा सब ईन्जिनियरबाट तयार भै यस कार्यालयमा कार्यरत ईन्जिनियरबाट जाँच भएको नापी किताब, ठेक्का बील, कार्य स्वीकार प्रतिवेदन तथा यस गाउँपालिकाका उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन, सम्बन्धित वडाका वडाअध्यक्षबाट भुक्तानीका लागि गरेको सिफारिस प्राप्त भएमा सम्पन्न भएका कार्यको प्राविधिक बील बमोजिमको रकमको भुक्तानी कार्यालय प्रमुखले अविलम्व गर्नु पर्ने र यस्तो अवस्थामा भुक्तानी हुने त्यस्ता आयोजना तथा कार्यक्रमको सम्बन्धमा तोकिएको परिमाण, गुणस्तर र मापदण्डको सुनिश्चतताको जवाफदेहीता उल्लेखित प्राविधिक कर्मचारी तथा अनुगमनकर्तामा रहने।

५५. बलेफी गाउँपालिका अन्तरगत रहेका देहाय अनुसारका सडकहरुमा वर्षाद्को समयमा हुने भारी बर्षातका कारण सडक अवरुद्ध भई सवारी साधनहरु सञ्चालन गर्न नसकिने अवस्था सिर्जाना हुने भएकोले अवरुद्ध ती सडकहरु दैनिकरुपमा मर्मत सम्भार गरी सवारी साधन आवागमनमा सहजता ल्याउन कम्तिमा ३ महिनासम्मको लागि प्रत्येक सडकमा २/२ जना सडक हेरालु राख्न अत्यावश्यक भएको हुँदा नियमानुसारको दैनिक ज्यालादरमा नबढ्ने गरी पारिश्रमिक दिई उल्लेखित कार्य गर्न सडक हेरालु राख्ने ।

- जलविरे- बनकाली- हगाम सडक
- जलिवरे- फूल्पिङकोट- धुस्कोट सडक
- कोठे-बिन्जेल चिलाउने सडक
- अँधेरी- मांखा सडक
- लामोसाँघु- टोप्का- बसेरी सडक
- नौबिसे- फूल्पिङकोट सडक
- बाँसबोटे- थुम्का- अदमारा सडक
- टुनिबोटे- मेलडाँडा सडक

५६. यस गाउँपालिकामा गरिने निर्माण सम्वन्धी कार्यहरु उपभोक्ता समितिबाट गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै स्थानीय स्तरमा रोजगारी सिर्जना हुने भएमा तथा उपभोक्ता समितिको अनिवार्य रुपमा लागत सहभागिता रहने भएमा मात्र बढीमा ५० लाख रकमसम्मको लागत अनुमान भएको कार्य आगामी आ.व. २०७९/०८० देखि देहायका सर्तहरुको अधिनमा रही उपभोक्ता समितिबाट गराउन सकिनेः-

- ५० लाख रकमसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने र त्यस्तो निर्माण कार्यको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी हुनेछ ।
- त्यस्तो निर्माण कार्यबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने स्थानीय रुपमा बसोवास गर्ने बासिन्दा वा समुदाय मात्र संलग्न रहेको उपभोक्ताहरुको समिति हुनुपर्नेछ ।
- सडक पिच गर्ने कार्य, जुनसुकै किसिमको भवन निर्माणको कार्य, लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्टिव्युटर र विटुमिन ब्वाइलर जस्ता हेभि मेशिनहरु प्रयोग गरिने

निर्माण कार्य, सडकबत्ती जडान गर्ने कार्य लगायतका जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट गर्न सकिने छैन।

- कुल लागत अनुमानको कम्तिमा बीस प्रतिशत लागत सहभागिता उपभोक्ता समितिको रहनु पर्नेछ।
- पाँच लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको भुक्तानी गर्दा पाँच प्रतिशत रकम रिटेन्सन मनी बापत कट्टा गरिनेछ । कट्टी गरिएको त्यस्तो रकम काम सम्पन्न भएको १३ औं महिना समाप्त भएपछि प्राविधिकको सिफारिसमा सम्बन्धित उपभोक्ता समितिको खातामा रकम फिर्ता गरिनेछ ।
- उपभोक्ता समितिले आफूले गरेको कामको भुक्तानी माग गर्दा प्राविधिक मूल्याङ्कन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराएर मात्र गाउँपालिकामा [illegible] गर्नु पर्नेछ।
- उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र आफुले गरेको काम कार्वाहीको सम्बन्धमा सार्वजनिक खरीद अनुगमन कार्यालयले तोकेको प्रकृया बमोजिम सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा सदस्य वा कर्मचारीको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ।
- उपभोक्ता समितिले पाएको काम आफैले गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाकरबाट गराउन सकिनेछैन। गरिएको पाइएमा कानून बमोजिम कारवाही हुनेछ।
- गठित उपभोक्ता समिति नियामानुसार गाउँपालिकामा दर्ता भई पान नं. लिएको अवस्थामा मात्र काम गर्नको लागि कार्यालय र समिति विच सम्झौता हुन सक्नेछ।
- उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका कार्य तथा आयोजनाहरु मर्मत सम्भार तथा रेखदेखको जिम्मेवारी सहित आयोजना वा कामको स्वामित्व उपभोक्ता समितिमा नै रहने गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेछ । उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने आयोजनाहरुमा संचालन, मर्मत सम्भार तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था सम्झौतामै उल्लेख गरी उपभोक्ता समिति समेत अविछिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता हुनेछ। उपभोक्ता समितिलाई हस्तान्तरित आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क उपभोक्ता समिति आफैंले तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने मर्मत सम्भार कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्यको संचालन तथा मर्मत सम्भार गर्नु पर्नेछ।
- उपभोक्ता समितिबाट गरेका कामको 'डोर हाजिरमा भर्नुपर्ने सबै विवरण आयोजनाको कार्यस्थलमा नै उपभोक्ता समिति आफैंले भर्नुपर्नेछ । डोर हाजिरमा काम गर्ने कामदारको नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजात अनिवार्य रुपमा संलग्न राख्नुपर्ने ।
- उपभोक्ता समितिबाट भएको कामको डोर हाजिरी फाराममा उल्लेख गरिएको विवरणको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समितिको हुनेछ ।